१. **अमेरिका र वेस्ट इन्डिजमा सम्पन्न आइसिसी टी–२० विश्वकप क्रिकेट प्रतियोगिताको उपाधि कसले चुम्यो ?**

✎ भारत (उपविजेता : दक्षिण अफ्रिका)

- दक्षिण अफ्रिकालाई सात रनले हराएर भारत आइसिसी टी–२० विश्वकप क्रिकेटको उपाधि जित्न सफल भएको हो । भारत प्रतियोगितामा अपराजित रहँदै च्याम्पियन बनेको हो । यसै गरी भारतले १७ वर्षपछि टी–२० विश्वकप जितेको छ ।
- सन् २००७ मा विश्वकप टी–२० को पहिलो संस्करणको उपाधि जितेपछि भारतले अर्को उपाधि जित्न नवौँ संस्करणसम्म कुर्नु पर्‍यो ।
- सन् २०११ को एक दिवसीय विश्वकपको उपाधि भारतले जितेको थियो ।
- च्याम्पियन भारतले ट्रफीसहित २४ लाख ५० हजार अमेरिकी डलर पुरस्कार प्राप्त गर्‍यो ।
- उपविजेता दक्षिण अफ्रिकाले १२ लाख २८ हजार अमेरीकी डलर पुरस्कार प्राप्त गर्‍यो ।
- भारतका विराट कोहली फाइनल खेलमा ‘प्लेयर अफ द म्याच’ घोषित भए ।
- भारतकै तेज बलर जसप्रित बुमराह ‘प्लेयर अफ दी टुर्नामिन्ट’ बने ।

**हालसम्म टी–२० विश्वकप विजेता**

| मिति (सन्) | विजेता | उपविजेता |
|---|---|---|
| २००७ | भारत | पाकिस्तान |
| २००९ | पाकिस्तान | श्रीलङ्का |
| २०१० | इङ्ग्ल्यान्ड | अस्ट्रेलिया |
| २०१२ | वेस्टइन्डिज | श्रीलङ्का |
| २०१४ | श्रीलङ्का | भारत |
| २०१६ | वेस्टइन्डिज | इङ्ग्ल्यान्ड |
| २०२१ | अस्ट्रेलिया | न्युजिल्यान्ड |
| २०२२ | इङ्ग्ल्यान्ड | पाकिस्तान |
| २०२४ | भारत | दक्षिण अफ्रिका |

www.education-sky.com

२. **नेपाल सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा पुरस्कार २०८० कस–कसलाई प्रदान गरियो ?**

✍ रङ्गमञ्च विधा : वरिष्ठ रङ्गकर्मी हरिहर शर्मा

- परम्परागत तथा शास्त्रीय सङ्गीत विधा : वरिष्ठ सङ्गीतज्ञ चन्दनकुमार श्रेष्ठ
- लोकसङ्गीत विधा : लोकगायक बोमबहादुर कार्की
- सङ्गीत विधा : गायिका तारा थापा
- नाटक विधा : नाटककार गोपाल देवान
- नृत्य विधा : नृत्य निर्देशक जोगेन्द्र केसी
- सम्मानित छ जना स्रष्टा कलाकारलाई जनही एक लाख रुपियाँ प्रदान गरियो ।

३. **नेपाली पत्रकारिता जगत्मा हिम डमरुको उपाधि कसले पाउनु भएको छ ?**

✍ बालकृष्ण बस्नेत

४. नेपालको इतिहासमा पहिलो पटक अख्तियार दुरुपयोग अनुसन्धान आयोगद्वारा भ्रष्टाचार मुद्दा दायर गरिएका बहालवाला मुख्य सचिव को हुन् ?

✍ वैकुण्ठ आर्याल

- मुख्यसचिव वैकुण्ठ अर्यालसहित ११ जना र एक कम्पनीविरुद्ध विशेष अदालतमा अन्तःशुल्क स्टिकर छपाइमा भ्रष्टाचार गरेको भन्दै अख्तियारले २०८१ असार ९ मा मुद्दा दायर गरेको हो ।
- भ्रष्टाचारको मुद्दा लागेपछि नेपाल सरकारका मुख्य सचिव अर्याल स्वतः निलम्बनमा परेका छन् ।
- भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३३ अनुसार कुनै राष्ट्रसेवक थुनामा रहेको अवधि भर र मुद्दा दायर भएमा त्यस्तो राष्ट्रसेवक उक्त मुद्दा किनारा नलागेसम्म स्वतः निलम्बित हुने व्यवस्था छ ।

www.education-sky.com

५. नेपाल जीवनस्तर सर्वेक्षण, २०२२/२३ अनुसार नेपालको साक्षरता दर कति प्रतिशत पुगेको देखिएको छ ?

✍ ७७.४ प्रतिशत

**प्रदेशगत साक्षरता दर**

| प्रदेश | महिला | पुरुष | कुल |
|---|---|---|---|
| कोशी | ७०.४ | ८७.१ | ७८.२ |
| मधेश | ५९.९ | ७७.९ | ६८.३ |
| बागमती | ७६.८ | ८९.४ | ८३ |
| गण्डकी | ७६.६ | ९१.३ | ८३.४ |
| लुम्बिनी | ७४.२ | ८७.४ | ८०.१ |
| कर्णाली | ६८.९ | ८६.६ | ७६.६ |
| सुदूरपश्चिम | ६५ | ८५.१ | ७३.५ |
| जम्मा | ७०.१ | ८५.८ | ७७.४ |

- क्षेत्रगत रूपमा काठमाडौँ उपत्यकाको सहरी इलाकामा सबैभन्दा धेरै ८९.६ प्रतिशत साक्षरता रहेको छ । यहाँ ९४.७ प्रतिशत पुरुष साक्षर रहेका छन् ।
- सबैभन्दा कम साक्षरता मधेश प्रदेशको ग्रामीण भेगमा ६२.९ प्रतिशत मात्र साक्षरता रहेको छ । यहाँ ५३.७ प्रतिशत महिला मात्र साक्षर रहेको सर्वेक्षणले देखाएको छ ।

- प्रदेशगत रूपमा महिला साक्षरता दर सबैभन्दा धेरै बागमती (७६.८ प्रतिशत) प्रदेशमा र सबैभन्दा कम मधेश प्रदेश (५९.९ प्रतिशत) मा रहेको छ।
- पुरुषमा सबैभन्दा धेरै साक्षरता दर गण्डकी प्रदेश (९१.३ प्रतिशत) मा र सबैभन्दा कम मधेश प्रदेश (७७.९ प्रतिशत) मा रहेको छ।
- प्रदेशगत रूपमा हेर्दा सबैभन्दा धेरै साक्षरता गण्डकी प्रदेशमा र सबैभन्दा कम मधेश प्रदेशमा रहेको छ।
- राष्ट्रिय जनगणना, २०७८ अनुसार नेपालको साक्षरता दर ७६.३ प्रतिशत रहेको छ।

**६. नेपालका प्रथम महालेखा परीक्षक को हुन् ?**

✍ चन्द्रबहादुर थापा

**७. लोक सेवा आयोग निलम्बनमा परेको समयावधि कुन हो ?**

✍ विसं २०१७ माघ २५ देखि २०१८ जेठ

८. **अनुसूचीको व्यवस्था नभएको नेपालको संविधान कुन हो ?**

✍ नेपाल अधिराज्यको संविधान, २०१५

९. **मधेश प्रदेश सभाले प्रदेश बालिका संरक्षणसम्बन्धी विधेयक कहिले पारित गरेको हो ?**

✍ विसं २०८० असार ८

– यस्तो विधेयक मुलुककै पहिलो भएको दाबी गरिएको छ ।

www.education-sky.com

**१०. संयुक्त राष्ट्रसङ्घीय उच्च आयोग (युएनएचसिआर) ले नेपालमा रहेका शरणार्थीको दैनिकी, जीवनचर्या र उनीहरूको दैनिकीलाई सहज बनाउन युएनएचसीआर नेपालले खेलेका भूमिकाहरू समेटी प्रकाशित गरिएको तस्बिर पुस्तक कुन हो ?**

✍ व्रिजेज अफ कम्प्यासन : अ फोटोग्राफिक ओडीसी अफ रिफ्युजिज इन नेपाल (सन् २०२४ जून २०)

- पुस्तकमा विगत तीन दशकभन्दा अघिदेखि नेपालमा रहेका शरणार्थीको दैनिक जीवनयापनलाई सहज बनाउनुका साथै उनीहरूको सुरक्षा र संरक्षणमा नेपाल सरकारसँग मिलेर युएनएचसीआरले पुऱ्याएको योगदानलाई तस्बिरको रूपमा समेटिएको छ ।
- शरणार्थीसम्बन्धी घोषणापत्र जारी भएको ५० वर्ष पुगेको सन्दर्भमा सन् २००० मा संयुक्त राष्ट्रसङ्घको साधारण सभाले सन् २००१ देखि जुन २० तारिखका दिन विश्व शरणार्थी दिवस मनाउने निर्णय गरेको थियो ।

**११. १६ औँ पञ्चवर्षीय योजना अनुसार योजना अवधिमा बाह्रै महिना सिँचाइ उपलब्ध कृषियोग्य जमिनको क्षेत्रफल कति पुर्‍याउने लक्ष्य लिइएको छ ?**

✍ ५० प्रतिशत

- १६ औँ योजनाले हाल २५ प्रतिशत रहेको सिँचाइ हुने कृषियोग्य जमिनलाई ५० प्रतिशत पुर्‍याउने लक्ष्य लिएको छ।
- सिँचाइ समस्याको दीर्घकालीन समाधान गर्न पूर्वपश्चिम राजमार्गको समानान्तरमा नहर निर्माण गर्नुका साथै चुरे तथा पहाडी क्षेत्रमा ठुला पोखरी निर्माण गरी वर्षाको पानी सङ्कलन र पुनर्भरणको व्यवस्था गर्ने सरकारको योजना छ।
- त्यस्तै, हिमाली तथा पहाडी क्षेत्रमा नदीको पानीबाट लिफ्ट सिँचाइ र तराईमा भूमिगत स्रोतबाट पम्प सिँचाइलाई प्रोत्साहन गर्न विद्युत् महसुलमा राज्यले व्यवस्था मिलाउने योजना अगाडि सारेको छ।
- सरकारले पाँच वर्षभित्र धान, मकै, गहुँ, आलु, तरकारी बाली, मसला बालीमा आयात प्रतिस्थापन गर्ने लक्ष्य लिएको छ।

## १६ औं योजना अनुसार योजना अवधिमा उत्पादकत्वमा राखिएको लक्ष्य

| वस्तु | एकाइ | वर्तमान अवस्था | पाँच वर्षको लक्ष्य |
|---|---|---|---|
| धान | मेक्ट्रिक टन/हेक्टर | ३.७९ | ४.७९ |
| मकै | मेटन/हे | ३.२ | ४.५ |
| गहुँ | मेटन/हे | २.९५ | ३.३४ |
| आलु | मेटन/हे | १७.२ | २१.९५ |
| तरकारी | मेटन/हे | १४.३३ | १६.६१ |
| मसला बाली | मेटन/हे | ७.८६ | ९.११ |
| दलहन | मेटन/हे | १.२५ | १.४ |
| तेलहन | मेटन/हे | १.१५ | १.२७ |

१२. राष्ट्रिय परीक्षा बोर्डद्वारा २०८१ असार १३ मा प्रकाशित माध्यमिक शिक्षा परीक्षा (एसइई-२०८०) को नतिजा अनुसार कति प्रतिशत परीक्षार्थी उत्तीर्ण भएका छन् ?




✍ ४७.८६ प्रतिशत

- सहभागीमध्ये ५२.१४ प्रतिशत विद्यार्थीको नतिजा नन ग्रेडेड (एनजी) आएको छ।
- यस पटक परीक्षामा चार लाख ६४ हजार ७८५ जना विद्यार्थी सहभागी भएका छन्।
- एनजी समूहमा परेका दुई लाख ४२ हजार ३१३ जना विद्यार्थीका लागि तत्काल कक्षा ११ मा भर्ना हुने बाटो बन्द भएको छ।

www.education-sky.com

- सैद्धान्तिक परीक्षामा न्यूनतम ३५ प्रतिशत र आन्तरिक मूल्याङ्कनमा ४० प्रतिशत ल्याउन नसक्ने परीक्षार्थीको नतिजा एनजी आएको हो ।

१३. **पाचौँ सुदूरपश्चिम स्पोर्टस् अवार्डमा सर्वोत्कृष्ट खेलाडी को घोषित भए ?**

✍ पुरुषतर्फ : दीपेन्द्र सिंह ऐरी (क्रिकेट) र महिलातर्फ जयन्ती बडु (कबड्डी)

- त्यस्तै, कबड्डीका विष्णुदत्त भट्ट वर्ष प्रशिक्षक बनेका छन् ।
- वर्ष युवा खेलाडी हेमन्त पाल (भारोत्तोलन)
- सुदूरपश्चिम आइकन पुरुष विधामा क्रिकेटका नरेन भट्ट र आइकन महिलामा एथ्लेटिक्सकी देवकी धामी घोषित भए ।
- लाइफटाइम अचिभमेन्ट अवार्ड तेक्वान्दो प्रशिक्षक गोविन्द विष्टले प्राप्त गरेका छन् ।
- स्पेसल अवार्ड पौडीका अथर्व सिंह र कराँतेका प्रदीप वैजाली मगरले संयुक्त रूपमा प्राप्त गरेका छन् ।
- वर्ष २०८० मा उच्च प्रदर्शन गरेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा सफल खेलाडी र प्रशिक्षक गरी विभिन्न आठ विधामा अवार्ड प्रदान गरिएको छ ।

१४. 'राजजेता पार्क' बनाउने योजना कुन प्रदेशको हो ?

✍ कोशी प्रदेश

१५. रगत नीलो हुने समस्या के को कमीको कारणले हुन्छ ?

✍ पाइरिडोक्सिन

१६. नागरिक एप सञ्चालन तथा एपमार्फत सेवा प्रवाह गर्ने सम्बन्धमा समन्वय कायम गर्न गठित समन्वय समितिको संयोजक को हुने व्यवस्था छ ?

✍ सञ्चार तथा सूचना प्रविधि मन्त्री

१७. नेपाली भाषामा लेखिएको पहिलो पुस्तक कुन हो ?

✍ अक्षराङ्क शिक्षा

१८. आव २०८०/८१ मा देशको कुल गार्हस्थ उत्पादनमा सबैभन्दा बढी योगदान कुन प्रदेशको रहने अनुमान छ ?

✍ बागमती प्रदेश (३६.४ प्रतिशत), सबैभन्दा कम कर्णाली प्रदेश : ४.३ प्रतिशत